ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
जलस्रोत अनुसन्धान तथा विकास केन्द्र
पुल्चोक, ललितपुर

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत अनुसन्धान तथा विकास केन्द्र
पुल्चोक, ललितपुर

# सिलवन्दी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७।०३।३१ गते)

आ.व. ०७७।७८ को लागि तपसिलका कार्यालयहरुमा कार्य गर्न नेपाल सरकारबाट इजाजत पत्र प्राप्त, स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएका कालोसूचीमा नपरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिम रितपूर्वकको सिलवन्दी प्रस्ताव आह्वान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र यस केन्द्रबाट नगद रु.३०००।- (तीन हजार रुपैया) (फिर्ता नहुने) तिरी प्रस्ताव सम्वन्धि कागजात प्राप्त गर्न सकिनेछ । अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।
२. नेपाल सरकारबाट प्राप्त इजाजत-पत्र, स्थायी लेखा नम्बर (PAN) र मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता तथा नबीकरण भएको र आ.व. २०७५।०७६ को कर चुक्ता प्रमाण-पत्रहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गराई सक्कलै प्रति पेश गर्नुपर्नेछ ।
३. नेपाल बैंक लिमिटेड, गा:बहाल शाखा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, ललितपुरको धरौटी खाता नं. ०१८०२००००००००३००००५१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बराबरको रकम यस केन्द्रको नाममा मान्यता प्राप्त वाणिज्य बैंकबाट १२० (एक सय बिस) दिनसम्म म्याद जारी भएको सक्कलै जमानत (विडवण्ड) पेश गर्नुपर्नेछ ।
४. प्रस्तावदाताले आफुले गर्न चाहेको कामको लागि सिलवन्दी प्रस्तावको खाम बाहिर कामको विवरण, ठेक्का नं., कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर उल्लेख गरी १६औं दिनको १२:०० बजे भित्र यस केन्द्रको प्रशासन शाखामा दाखिला गर्नुपर्नेछ । सो दिन बिदा परेमा सो को भोलिपल्ट उल्लेखित समयभित्र दाखिला गर्न सकिनेछ ।
५. १६ औं दिनको १२:३० बजे तोकिएका प्रतिनिधि र प्रस्तावदाता वा प्रतिनिधिको रोहवरमा सिलवन्दी प्रस्ताव खोलिनेछ । प्रस्तावदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
६. अंक र अक्षरमा लेखिएको रकममा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिई सोही अनुरुप गरिनेछ ।
७. प्रस्ताव स्वीकृत भएमा कबोल अंकको पाँच प्रतिशतले हुने रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको सक्कलै कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) १५ दिन भित्र जम्मा गरी केन्द्रमा सम्झौताको लागि उपस्थित हुनुपर्नेछ ।
८. सिलवन्दी प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।
९. कुनै सरकारी कार्यालय वा कुटनैतिक नियोग वा सार्वजनिक संस्थानमा सन्तोषजनक रुपमा कम्तीमा २ (दुई) वर्ष सम्बन्धित काम गरेको अनुभवको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।
१०. प्रस्तावदाता स्वयंले उल्लेखित कार्यमा अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले कुनै सजाय नपाएको भनी लिखित घोषणा पेश गर्नुपर्नेछ ।
११. माथि उल्लेख नभएका अन्य शर्तहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए अनुसार हुनेछ ।
१२. विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | सम्बन्धित कार्यालय | लागत अनुमान (भ्याट बाहेक) | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | ०१/२०७७-०७८ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्रको हाता भित्र सुरक्षा, सरसफाई र बगैचा हेरचाह गर्ने र केन्द्रको गोदावरी हाइड्रोलिक ल्याबको सुरक्षा, सरसफाई एवं बगैचा व्यवस्थापन गर्ने कार्य | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र, पुल्चोक, ललितपुर | ३,९७५,६५०।- | १,००,०००।- |